# बैजनाथ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बनकटवा, बांके
५ नं. प्रदेश, नेपाल

पत्र संख्या : २०७३/०७४
चलानी नं. :

मिती २०७४/०२/१३

**एकीकृत सम्पत्ति विवरण पेश गर्नेबारे सम्पत्ति धनीहरूलाई अत्यन्त जरुरी सूचना**

यस बैजनाथ गाउँपालिकाले हालसम्म मालपोत असूल गरी आएकोमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ को प्रावधान अनुसार आ.व. २०७५/०७६ देखि एकीकृत सम्पत्ति कर लागू गरिने भएकाले गाउँपालिका क्षेत्रभित्र जग्गा रहेका जग्गाधनीहरूलाई आफ्नो जग्गा र सो जग्गामा बनेको संरचनाको विवरणको मुल्याङ्कल स्व-घोषणा गरी गाउँपालिकामा लगत कायम गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।
सम्पत्तिको विवरण स्व-घोषण फाराम बैजनाथ गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालयहरका साथै टोल बस्तीमा खटिने सहजकर्ताहरुवाट समेत यही मिती २०७५/०२/१५ गतेदेखि वितरण तथा संकलन हुने हुँदा फाराम प्राप्त गर्नुभई सो फाराममा सत्यतथ्य विवरण भरी मिती २०७५/०२/२४ गतेभित्र सम्बन्धित वडा कार्यालय वा सहजकर्ता समक्ष बुझाउनहुन अनुरोध गरिन्छ । यस्तो विवरण जग्गाधनी आफै वा निजको सगोल परिवारका व्यक्ति वा निजको मञ्जुरीनामा प्राप्त व्यक्तिले मात्र बुझाउन सक्नेछन् । गाउँपालिकाले तोकेको अन्तिम मितिसम्म पनि विवरण दाखिला नगर्ने जग्गाधनीहरूले नियमानुसार विलम्ब शुल्क तिर्नुपर्ने हुँदा तोकिएको समयभित्रै आ-आफ्नो सम्पत्ति (घर र संरचना) को विवरण पेश गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

एकीकृत सम्पत्ति करको विवरण दाखिला गर्नका लागि आ.व. २०७४/२०७५ सम्मको मालपोत र भूमिकर चुक्तागर्नु पर्नेछ । एकीकृत सम्पति कर तिरेपछि सो घर / जग्गामा मालपोत, भूमिकर र घरजग्गा कर नलाग्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

एकिकृत सम्पत्ती कर मुल्यांकन समिति
बैजनाथ गाउँ कार्यपालिकाको कार्यालय
बनकटवा ,बाके